# नार्पा भूमि गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## च्याँखु, मनाङ
## गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०७७/०७८
चलानी नं:

मिति: २०७७/०५/१७

## नार्पा भूमि गाँउपालिकाको अत्यन्त जरुरी सूचना !!!

विश्वव्यापि महामारीको रुपमा फैलिएको कोभिड-१९(कोरोना) भाइरसको संक्रमण नेपालभर फैलिरहेको यस संकटको घडीमा हाम्रो पूर्ण सचेतना तथा अथक प्रयासका बावजुद पनि संक्रमण समुदायस्तरमा फैलन सुरु भएकोले आफ्ना नागरिकहरुको जीवन रक्षाको लागि कोरोना भाइरस थप फैलिन नदिन आवश्यक समन्वय, सहयोग र सहजिकरणका लागि गाँउपालिकाबाट प्रदान गरिने सेवाहरु सामाजिक दुरी कायम गरी सुरक्षा मापदण्ड अपनाई गर्नु गराउनुहुन एवं अति आवश्यक कार्यको लागि मात्र कार्यालयमा सम्पर्क गरी सेवा लिन आउने व्यवस्था मिलाउनहुन अनुरोध छ ।

साथै जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC), मनाङको मिति २०७७/०५/०४ र २०७७/०५/०८ गतेको बैठकबाट भएका निर्णयहरु अक्षरंस कार्यान्वयन र पालना गर्नुहुन सम्वन्धीत सबैमा हार्दिक अनुरोध छ ।

- सम्पूर्ण नागरिकहरु थप सर्तक र सजक भई पटक पटक साबुन पानीले हात धुने र भौतिक दुरी कायम गर्ने ।
- घर बाहिर ननिस्कने, उपचार तथा अति आवश्यक काममा घर बाहिर निस्कनु परेमा मास्क तथा सेनिटाइजरको अनिवार्य प्रयोग गर्ने ।
- गाँउपालिका भित्रका सम्पूर्ण पसलहरु बिहान ७ बजे देखि ९ बजे सम्म भौतिक दुरी कायम गरी पसल सञ्चालन गर्ने । अन्य समयमा बन्द गर्ने ।
- जिल्ला बाहिरबाट आउने स्थानीय व्यक्तिहरुले यस पालिका वा वडा अध्यक्षको सहमति लिएर मात्र आउने ।
- यस पालिका भित्र प्रवेश गर्ने नव आगन्तुकहरुले स्थानियको हकमा १४ दिनको होम क्वारेन्टाईन बस्ने । अन्यको हकमा PCR रिपोर्ट अनिवार्य गर्ने ।
- विशेष सावधानी अपनाएर आफ्नो परिवारका सदस्यहरु बिच मात्र यसपालिको चाडपर्वहरु मनाऔं, बाहिरी व्यक्तिहरुको सम्पर्कमा नजाऔं, बेलाबेलामा साबुन पानीले हात धुने वा स्यानीटाइजरले हात सफा गर्ने, मास्कको प्रयोग गरौं ।
- हाललाई मानिसहरु भेला हुने कुनै पनि धार्मिक, सांस्कृतिक, सामाजिक कार्यहरु नगराउने ।
- खाद्यान्न ढुवानि तथा अत्यावश्यक बाहेकका खच्चडहरु सञ्चालन नगर्ने ।
- कोभिड-१९ नियन्त्रण सम्वन्धमा नेपाल सरकार, जिल्ला तथा स्थानीयतहका सम्वन्धित निकायहरुबाट भएका सम्पूर्ण निर्देशन र सूरक्षाका उपायहरु अवलम्वन गर्ने ।

**पुनश्चः मिति २०७७/०५/१२ गते प्रकाशित सूचनामा मिति २०७७/०५/१२ गते देखि २०७७/०५/१८ सम्म कुनैपनि यात्रु/खच्चड प्रवेश निषेध गरिएकोमा सो म्याद पुनः २०७७/०५/२० गते सम्म थप गरिएको व्यहोरा अनुरोध छ ।**

..................
दिपेन्द्र पण्डित
नि. प्रमुख प्रशासकीय अधिकृत